# कागेश्वरी मनोहरा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं
३ नं. प्रदेश, नेपाल

**सवारी साधन खरिद सम्बन्धी शिलवन्दी बोलपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७४।०४।२९

यस कार्यालय प्रयोजनको लागि चालु आ.व. २०७४/०७५ मा १ थान सवारी साधन (4WD SUV) खरिद गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरु</u>**

१. बोलपत्र फाराम रु. ३०००।- (तीन हजार) (पछि फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद साथ सवारी साधन खरिद बिक्री कारोवारको लागि स्वीकृत प्राप्त फर्म वा कम्पनीको नविकरण गरिएको इजाजत प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०७२/०७३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन पेश गरेमा मिति २०७४।५।२६ (11 September, 2017) सम्ममा कार्यालय समयभित्र यस कार्यालय र ९ नं. वडा कार्यालय गोठाटार, काठमाडौंबाट खरिद गर्न सकिनेछ ।
२. शिलवन्दी गरिएको बोलपत्र मिति २०७४।५।२७ (12 September, 2017) गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । उल्लेखित समयभित्र प्राप्त शिलवन्दी बोलपत्र सोही दिनको १:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्रसाथ कामको विवरणमा उल्लेख भए अनुसारको रकम धरौटी वापत यस कार्यालयको कृषि बिकास बैंक, जोरपाटीमा रहेको ग-३-स्थानीय तह धरौटी खाता ०२१०८०११५०१३८०४९ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको बोलपत्र खोल्ने दिनबाट १२० दिन म्याद भएको सक्कलै बिड बन्ड पेश गर्नुपर्नेछ ।
४. बोलपत्र दाखिला गर्दा खाममा राखी शिलवन्दी खामको वाहिर यस कार्यालयको नाम, शिलवन्दी बोलपत्रदाताको नाम, ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
५. बोलपत्र फाराम खरिद गर्ने, शिलवन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य बिदा पछि कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ ।
६. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।
७. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वास्थ नबाझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्वघोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।
८. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कारबाही हुने छैन ।
९. प्रचलित ऐन, नियम अनुसार सवारी साधनमा लाग्ने कर बोलपत्रदाता स्वयमले नै बेहोर्नु पर्नेछ ।
१०. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
११. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।
१२. यो सूचना कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको website:www.kageshworimanoharamun.gov.np मा हेर्न सकिनेछ ।
१३. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र फोन नं. ०१४४५०३५६ मा सम्पर्क गर्न सकिनेछ ।

**कामको विवरण**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | धरौटी रकम (रु.) |
|---|---|---|---|
| १. | Kageshwori/G/01/074-75 | सवारी साधन (4WD SUV) थान १ खरिद गर्ने कार्य | १,५०,०००।- |